# विपश्यना

साधकहरुका लागि प्रेरणा पत्र

बुद्ध वर्ष २५४४ पौष २०५७ वर्ष १७ अङ्क ९


## धम्मवाणी

*यं त्वेव जञ्ञा सदियो, सीलेन पञ्ञायसुतेन चापि ।*
*तेनेव मेत्तिं कयिराथ सद्धिं, सुखावहो सप्पुरिसेन संगमो ॥*
*-इन्द्र समान गोत्त जातक*

**जसले शील, प्रज्ञा र बहु श्रुतलाई आफ्नो अनुभवबाट जान्दछ त्यस्तो ब्यक्तिलाई मित्र बनाउनु पर्दछ । सत्पुरुषको सत्संग बडो सुखदायी हुन्छ ।**

## निस्सन्देह बुद्ध बन्नेछ

धेरै पुरानो कथा हो । प्रत्यन्त प्रदेशको एउटा शहर । प्रत्यन्त प्रदेश भन्नाले आफ्नो देशको सीमाना अन्त हुने ठाँऊ भन्ने बुझिन्छ प्रतिवेशी भन्नाले अर्को देशको सीमा शुरु हुने ठाऊँलाई बुझाउँदछ ।

यस्तो प्रत्यन्त प्रदेशको एकदम रमाइलो नगर, त्यस ठाऊँको नाऊँ थियो रम्य । त्यस ठाऊँमा निक्कै चहल-पहल थियो । प्रत्येक घर सफा सुग्घर थियो । लीप पोत गरेको थियो । घरको मूल ढोकामा केराको खम्बा, आँपको फूल तथा अन्य वास्नादार रंगी विरंगी फूलहरू सजाइएका थिए । पानी भरेको कलश त्यस माथि नरिवल, त्यसमा आँपको पात र दूबो लगाएकोले झन शोभायमान देखिन्थ्यो । गृहणीहरूले आ-आफ्नो आँगनमा रंगी विरंगी गरेर विभिन्न उत्कृष्ट कलाकृतिका नमूनाहरू कोरिएका थिए ।

नगरको सार्वजनीक चोकमा सुन्दर मण्डप बनाएको थियो । त्यसमा विभिन्न फूलले सजाएको थियो । पाँच प्रकारको मांगलिक लावा भूईंमा छरिएका थिए । मण्डपमा सफा सेतो कपडाको आसन बनाइएको थियो । त्यसको वरिपरि बास्नादार फूलका मालाहरू बाँधिएको थियो । नगरको बाटो-बाटोमा विभिन्न रंगी विरंगी झण्डा बाँधेर वार लगाइएको थियो । तोरण द्वार बनाइएको थियो ।

साना केटाकेटीहरू, किशोर किशोरीहरू र युवक युवतीहरू आ-आफ्नो इच्छा अनुकूलको सुन्दर वस्त्र र गहनाहरूले सजीएका थिए । शहरका ठूला-बडा पनि आकर्षक पहिरनमा सुसज्जित थिए, मानौं कुनै उल्लासमय उत्सवको लागि तयारी भइरहेको थियो ।

अघिल्लो रात जोडले पानी परेको थियो । पानीको कारण शहर बाहिरको एउटा कच्ची बाटो ध्वस्त भएको थियो । बाटोमा कहीं खाल्डो थियो; खाल्डो पानीले भरिएको थियो; ठाऊँ ठाऊँमा फोहर हीलो निस्किएको थियो । मानिसहरू त्यस बाटोमा खाल्डो पूर्नको लागि ईंटा, वालुवा ल्याइरहेका थिए ।

आज यस नगरमा कुनै उत्सव मनाउन लागेको कि क्या हो ? भनेर एकजना नवआगन्तुक ब्यक्तिले सोधे ।

त्यस ब्यक्तिले उत्तर दिए– हो, आज यहाँ स्वागत समारोह हुँदैछ । शायद तिमी परदेशी भएकोले यहाँको बारेमा केही थाहा छैन होला । आज सौभाग्यले यस प्रदेशमा भगवान दीपंकर बुद्ध आउनुहुँदैछ । उहाँ आफ्नो भिक्षु संघ सहीत नगर बाहिर सुदर्शन विहारमा बस्नु भएको छ । नगर प्रमुखले हिजो उहाँहरूको दर्शन गर्न जानु भयो र भोजनको लागि निम्तो दिएर आउनु भएको थियो । त्यसैले सारा नगरवासि उहाँको स्वागतको लागि तयारी गर्दै छन् । त्यस मण्डपमा भोजन दानको सामूहिक आयोजना हुँदैछ । मानिसहरू उहाँहरूलाई बोलाउन गएका छन् । अब उहाँ आउनै लाग्नु भयो । भगवान बुद्ध आफ्नो भिक्षु संघ सहित पैदल आउनको लागि यो विग्रेको बाटो बनाउँदै छौं ।

- ओहो ! के भन्दैछौ, बुद्ध ? के साँच्चै कोही सम्यक सम्बुद्ध बनेको छ ? युवा तपश्वीले अचम्म मानेर सोधे ।

- हो, भगवान दीपंकर सम्यक सम्बुद्ध बन्नुभएको छ । के तिमीलाई यति पनि थाहा छैन ? साँच्चै उसलाई यस बारेमा केही थाहा थिएन ।

साँच्चै उनी सुदूर देशमा रहने ब्यक्ति । मध्य देशको अमरावती नामक महानगरीमा अत्यन्त धनी ब्राम्हण कुलमा जन्मिएको थियो । उनको नाम थियो सुमेध । पूर्व जन्मको कुशल संस्कारको कारण सानै उमेरमा नै सांसारिक सुख भोग प्रति रुचि भएन । युवा अवस्थामा आफ्नो धन सम्पत्ति सबै बाँडेर आफू गृहत्यागी भए र सुदूर हिम प्रदेशको धम्मिक पर्वतमा तपस्या गर्न गए । त्यहीं तपस्या गर्दा गर्दै आठौं लोकीय ध्यान समापत्ति प्राप्त भयो । पाँचै वटा अभिज्ञान अर्थात ऋद्धि उपलब्ध भयो । आफ्नो ऋद्धिबल द्वारा नै आज यहाँ आईपुगेका थिए ।

लोकमा दीपंकर नामको सम्यक सम्बुद्ध उत्पन्न भएको छ भन्ने खवरले उनी अत्यन्त खुशी भए । उसका सारा शरीर सिरिङ्ग भयो ।



Downloaded from http://www.dhamma.digital

दुई जना बुद्धको समयको अन्तराल घेरै लामो हुन्छ । अधिकांश मानिसहरू त बुद्ध भन्ने शब्द नै विर्सिन्छन् । अत: यो शब्द सुन्नु नै दुर्लभ हुन्छ । वास्तवमा कोही बुद्ध बन्नु र बुद्धको साक्षात्कार गर्नु साँच्चै नै सौभाग्यको कुरो हुन्छ । आज उसले बुद्धको प्रत्यक्ष दर्शन गर्न पाउनेछ । यस चिन्तनले नै तापस सुमेध हर्ष विभोर भए ।

सडकको मर्मत गरिरहेको ब्यक्तिलाई उनले हात जोडेर याचना गरे कि म पनि बाटो मरम्मत गर्छु यस काममा मलाई पनि सहभागी बनाउ । म पनि विग्रीएको भूईं सम्म पार्छु । हीलो हटाउने छु । भिजेको भूईं सुकाउने छु । र भगवान हिंड्न योग्य बनाउने छु । यस सेवाको पुण्यमा मलाई पनि थोरै अवसर प्रदान गर्नुस् ।

तपस्वी सुमेधको ब्यक्तित्व बडो भब्य थियो । लामो फराकिलो शरीर, गोरो वर्ण, ठू-ठूला तेजस्वी आँखा, सुन्दर चेहरा, टाउकोमा कालो लामो केशको जटा, शरीरमा वल्कल वस्त्र र मृगचर्म लगाएको, हातले कमण्डलु समाएको । उनको यस्तो भव्य आकर्षक ब्यक्तित्वबाट प्रभावित भएर उनको मांगलाई अस्वीकार गर्न सकेन ।

सुमेध भाव विभोर भएर तल्लीनताका साथ सडक निर्माणमा लाग्न थाले । एउटा कराई लिएर सुकेको बालुवा ल्याउँदै भीजेको सडकमा विच्छ्याउन थाले । कामले थकित भएर चेहरामा पसीनाको थोपा देखिए र ती घामको किरणमा मोतीको दाना झैं चम्कीन थाले । बुद्धको आगमन हुने सोच्दै उनको मन वडो खुसीले नाच्न थाल्यो र पुन: उत्साह पूर्वक काममा लाग्यो ।

यत्तिकैमा मानिसहरूको हर्षित आवाज सुने । भन्ते भगवान आउँदै हुनुहुन्छ 'बुद्धं शरणं गच्छामि' को मंगल वाणी गुञ्जिदै आयो । तपस्वी सुमेधको तन मन खुसीले भर्दै आयो । साँच्चै भगवान दीपंकर बुद्ध नै हुन् । साँच्चै पाइला गन्दै विस्तारै अगाडि बढ्दै छ । तापस सुमेधको आँखामा आँशुको धारा वहन थाल्यो । यस दर्शन मात्रले पनि आफूलाई धन्य थाने । उस्ले झट्ट सम्झ्यो बाटोको थोरै भाग त मरम्मत गर्नु बाँकी नै थियो । त्यहाँ हिलो थियो । भगवान तथा उहाँको भिक्षु संघ यसैमा कुल्चेर आउनु पर्‍यो । यो त अनुचित भयो । उनले त्यस हिलो भएको ठाऊँमा मृगचर्म ओछ्याई दियो ता कि भगवान र भिक्षु संघ यसमा कुल्चेर अगाडि बढुन् । चार हात जतिको बाटो अझ पनि बाँकि थियो । सुमेधले सोचे यो मेरो शरीर के कामको लागि ? यसभन्दा राम्रो उपयोग कहाँ हुन्छ ? अत: हटपट यस हिलोमा घोप्टो परेर सुतिदियो र आफ्नो जटाले बाटो ढाकिदियो । भगवान र भिक्षु संघ यस जटामा कुल्चिदै मेरो शरीरमा कुल्चेर जाउन् । मेरो शरीरको अंग क्षत विक्षत भए पनि उनको खुट्टामा हिलो नपरोस् ।

हिलोमा पल्टिरहेको सुमेधको मनमा यस्तो भावना आयो कि मैले ध्यानको उच्च अवस्था प्राप्त गरीसकें म संग पर्याप्त पूण्य पार मिता पनि छन् त्यसैले नै भगवानको साक्षात दर्शन गर्न पाएँ । उहाँसंग विपश्यनाको मुक्तिदायिनी विद्या सिकेर साँच्चै थोरै समयमा नै नितान्त विमुक्त अवस्था प्राप्त गर्नेछु । तर यसबाट त केवल म एकजना मात्र मुक्त हुनेछु । यसको लागि के पराक्रम गरुँ ? यो त स्वार्थपूर्ण कुरा भयो । केवल मेरो मुक्तिको लागि मिहिनत गर्ने छैन । मलाई त यी दीपंकर बुद्ध झैं सम्यक सम्बुद्ध बन्नु छ । चाहे यस कार्यमा लामो समय नै किन नलागोस् । चाहे अनेक कल्प लागोस् । चाहे यसको लागि अथक पराक्रम-पुरुषार्थ नै गर्नुपरोस् । यसरी सम्यक सम्बोधि प्राप्त गर्नाले म अनेक ब्यक्तिहरूको मुक्तिमा सहायक बन्नेछु र सम्यक सम्बोधि प्राप्त गर्नको लागि आवश्यक पार मिताहरू अधिक परिणाम परिपुष्ट गर्न जति समय लाग्छ त्यस अवधिमा पनि अधिक अनगिन्ती मानिसहरूलाई धर्ममा प्रवृत गर्ने पूण्य कार्यमा नै लागिरहन्छु । मलाई यसै जीवनमा मुक्ति हुनु छैन । म सम्यक सम्बुद्ध बन्न चाहन्छु ।

यती सोच्दासम्म भगवान दीपंकर बुद्ध बिल्कुल नजीकै आइपुग्नु भइसकेको थियो । उहाँले पल्टीरहेको तपस्वी सुमेध देख्नुभयो र चितोपरिञ्ञाणको सिद्धिद्वारा आफ्नो चित्तले उसको चित्तको स्थिति थाहापाउनु भयो र मुस्कुराउनु भयो । त्रिकालज्ञ भगवानले युवा तपस्वीको भूतकालको अवस्था हेर्नुभयो । उनीसंग अनेक कल्पको पारमिता संकलित थियो । यस गृहत्यागीले यस मनुष्य जीवनलाई पनि सार्थक बनाएको थियो । कठिन परिश्रमद्वारा आठौं ध्यान समापत्ति पनि उपलब्ध गरेका थिए । यस समय उनलाई विपश्यना विधि सिकायो भने छोटो अवधि भित्र नै भव-मुक्त अर्थात अरहन्त अवस्था प्राप्त गर्नेछन् । भगवानले थाहापाउनु भयो यो ब्यक्तिले अनेक ब्यक्तिहरूको हित सुखको लागि यस समयमा मुक्त हुन सक्ने अवस्थालाई सहर्ष पूर्वक त्याग्ने दृढ संकल्प गरेका छन् । आगामी असंख्य कल्पसम्म पारमिताहरू अधिक परिमाणमा संकलन गर्ने, परि पुष्ट गर्ने, उनको अधिष्ठान साँच्चै सुदृढ छ । यो यस समयको भावावेश मात्र होइन । लोकहितको लागि लामो समयसम्म कष्ट सहने क्षमता उनमा प्रबल छ । तब भगवानले उनको भविष्य हेर्नुभयो र मुस्कुराउनु भयो । सुमेधको शिरानीमा उभीरहनुभएका भगवान दिपंकरले यस्तो आशीर्वादमयी मंगल घोषणा गर्नुभयो- भिक्षुहरू, यो जटाधारी उग्र तपस्वी जो अहिले यहाँ हिलोमा मून्टो फर्काएर पल्टिर हेका छन्, उनी अत्यन्त श्रद्धावान् छन्, दृढनिश्चयी छन् । उनले यस समय जुन दृढ निश्चय गरेका छन्, त्यो उनको लागि बोधिको बिऊ बन्नेछ । यस बुद्ध बन्ने बोधिसत्व अदम्य उत्साहका साथ जन्म जन्मान्तरमा आफ्नो पारमिताहरूलाई अत्यंन्त प्रबल पूर्वक - पुष्ट गर्दै अनेक प्राणीहरूलाई धर्म मार्गमा प्रेरित गर्दै चार असंख्य र एक लाख कल्प पछि सिद्धार्थ गौतम नामक सम्यक सम्बुद्ध बन्नेछ ।"

भगवानको आशिर्वादमय दाहिने हात उठ्यो र मेध गर्जे झैं उहाँको वाणी प्रस्फुटन भयो, धुवं बुद्ध भविस्ससि । निस्संदेह यी ब्यक्ति बुद्ध बन्नेछ ।



Downloaded from http://www.dhamma.digital

सारा वातावरणमा यो बुद्ध वाणी गुन्जियो । लोक-लोकान्तरको असंख्य चक्रवालमा यस बुद्धवाणीको प्रतिध्वनि गुञ्जीयो :

धुवं बुद्ध भविस्ससि ! धुवं बुद्ध भविस्ससि !!
धुवं बुद्ध भविस्ससि !!!

(साभार: जागे पावन प्रेरणा, १९९४, वि.वि.वि.) **कल्याण मित्र** स.ना.गो.

## गृहस्थमा हुनुपर्ने चार सद्गुणहरु

एक समय भगवान कोलिय प्रदेशमा बिहार गरिरहनु भएको थियो । त्यसै बेला कोलिय - पुत्र दीर्घजानु नामको एकजना गृहस्थ भगवानसंग भेट्न आए। भगवानलाई वन्दना गरेर एकातिर बसे पछि एउटा प्रश्न भगवान समक्ष राखे, 'भन्ते, भगवान हामी गृहस्थीहरू कामभोगी छौं, घर गृहस्थीको अनेक जिम्मेदारीले घेरिएका हुन्छौं । गृहस्थ भैकन पनि यस लोक र परलोक सुधार्न सक्ने कुनै उपाय छ भने कृपया बताईदिनुहोस् ।

भगवानले यस लोकको हित - सुख हुने चार सद्गुणहरूका बारेमा बताउनु भयो ।

पहिलो सद्गुण - पराक्रम र पुरुषार्थ । व्यक्ति शिल्प, कला, उद्योग धन्दा, व्यवसाय आदि माध्यमबाट आफ्नो पेट पाल्दछ त्यस विषयमा आफू दक्ष हुनु आवश्यक छ। दक्ष हुनको लागि त्यस पेशामा गहन अध्ययन गर्नु आवश्यक छ, मनन-विश्लेषण गर्नु आवश्यक छ। विना अल्छी, पूर्ण लगन पूर्वक त्यस बिषयमा राम्रो ज्ञान हासिल गर्नु पर्छ, तब मात्र राम्रो आर्जन गर्न सक्षम हुन्छ। यस लोकको लागि यही पराक्रम र पुरुषार्थ हो ।

सदगृहस्थका अनेक जिम्मेवारीहरू हुन्छन्। स्वावलम्बी भएर स्वाभिमान पूर्वक आफ्ना भरण-पोषण गर्नु आवश्यक छ । आफ्नो परिवारको पालन पोषण गर्नु त पर्छ नै । असमर्थ भाई बन्धुलाई सहयोग गरेर तिनीहरूलाई स्वावलम्बी बनाएर सत्कार्य गर्नु पनि पर्छ। गृहत्यागी - सन्यासीहरूको भरणको लागि दान दिनु पर्छ। समाजका अन्य अभावग्रस्त व्यक्तिहरूलाई यथाशक्ति दान दिएर सहायता गर्नु पर्छ। यी सबैको लागि आफ्नो पूरुषार्थले, बौद्धिक र शारीरिक श्रमले न्याय पूर्वक धन आर्जन गर्नु आवश्यक छ ।

दोस्रो सद्गुण - धर्म पूर्वक अर्जित गरेको सम्पदालाई सतर्कतापूर्वक सुरक्षा गर्नु दोस्रो सद्गुण हो। बेहोसी तथा लापरवाहीमा अर्जित सम्पत्ति गुमाउन नपरोस्। राज्यको नियमलाई ध्यानमा राखेर नियमानुकूल त्यसको रक्षा गर्न सक्नुपर्छ। कुनै निरंकुश शासक या शासनाधिकारीले नियमको बिरुद्धमा जफत गर्न नपरोस् आफ्नो लापरवाहीको कारण आफ्नो सम्पत्ति चोरले चोरेर लान नपावोस्। आगोले जलेर भष्म नहोस्, पानीले बगाएर नष्ट नहोस् अथवा कोही दुष्ट अप्रिय व्यक्तिको षडयन्त्रले त्यसमा आफ्नो अधिकार नजमाओस् । यी पाँचैवटा खतराहरूबाट आफूले अर्जित सम्पदालाई सावधानी पूर्वक रक्षा गर्नु गृहस्थहरूका लागि चाहिने दोस्रो सद्गुण हुन्।

तेस्रो सद्गुण - धनको उचित उपयोग गर्नु । त्यसमा पनि व्यवहार कुशलता त्यत्तीकै आवश्यक छ । आफ्नो आय र व्ययको ठीक ढंगले लेखा जोखा राख्नु सद्गृहस्थको गुण हो । आफ्नो जीवन स्तरको सन्तुलन बनाई राख्नु पर्छ । कहीं आय भन्दा बढी व्यय गरेर आफू कंगाल हुनु नपरोस्। फेरि यस्तो पनि हुनु हुँदैन कि आय केवल संचय संग्रह मात्र गरेर त्यसको न आफूले उपयोग गर्न पाओस् न कोही अरुले । कन्जूसीमा नै आफ्नो सारा जीवन विताइर होस्। आर्जन गरेको सम्पत्ति बुद्धिमानी पूर्वक सदुपयोग गर्नुपर्छ। आय अनुसारकै व्यय गर्नुपर्छ । उचित अनुपातमा खर्च गर्न सिक्नु पर्छ ।

चौथो सद्गुण - सत्संगत । नराम्रो संगतको कारण नराम्रो लत लाग्ने आशंका हुन्छ। यसबाट सम्पत्तिको अपव्यय हुनुको साथै चरित्र नाश हुन्छ । कोही धर्मवान सत्पूरुषको संगत भएमा शील पालन, धर्म धारण गर्ने, सात्वीक जीवन जिउने र प्रज्ञा पुष्ट गर्ने आदिमा प्रेरणा पाइरहन्छ, मार्गदर्शन पाइरहन्छ। अत: कोही सन्त पुरुषको कल्याण मित्रता स्थापना गर्नु सद्गृहस्थको चौथो गुण हो ।

कोही गृहस्थ कुसंगतमा लाग्यो भने ब्यभिचार, वेश्यागमन, नशालु-पदार्थ सेवन तथा जुवा खेल्ने ब्यसनमा लाग्दछ । यसबाट आम्दानीभन्दा अधिक खर्चहुने बाटो खुल्दछ र छिट्टै आफ्नो सम्पत्ति गुमाएर कंगाल हुन्छ। त्यस्तै कुसंगतबाट बचेर कोही कल्याणमित्रको संगत गऱ्यो भने नराम्रो वानीबाट छुट्कारा पाउँछ । आफ्नो आय अनुकूल खर्च गर्ने निश्चय गरेर धनको अपब्यय गर्न समर्थ हुन्छ । यसरी बचेको धन गृहस्थ जीवनको जिम्मेवारीहरू पूरा गर्नमा लगाउन सकिन्छ । गृहस्थहरूका लागि यी नै चार सद्गुण लोकमा हित-सुखको साधन बन्दछ । अतीत समयमा पनि थियो, आज पनि छ र भविष्यमा पनि यस्तै हुनेछ ।

## अनुपस्थितिको जानकारी गर्न अनुरोध

शिविरमा सम्मिलित हुन आवेदन पत्र दर्ता गराई सकेका साधक साधिकाहरूले यदि आफू कुनै कारणवश शिविरमा उपस्थित हुन नसकेमा कृपया व्यवस्थापनमा यथासिघ्र जानकारी गराउनु होला। यसबाट सामेल हुन इच्छुक पर्खाईमा रहेका अन्य साधकले शिविरमा स्थान पाउनेछन् । साधक संख्याकै आधारमा शिविर सञ्चालन ब्यवस्था अन्तरगत आवास तथा खाना ब्यवस्था, सेवकहरूको संख्या आदिको निर्धारण गरिने हुँदा यसबाट ब्यवस्थापनमा निक्कै समस्या पर्ने गर्दछ । अत: शिविरको अन्तिम दिनमा भए पनि आफ्नो अनुपस्थितिको जानकारी गराउन अनुरोध छ ।



Downloaded from http://www.dhamma.digital

*(बाल-बालिकाका लागि बाल शिविरमा लेखेको डायरीबाट उधृत)*

## धर्मको महिमा

पूर्वाग्रहको पराकाष्टालाई पहिल्याउँदै पछार्ने
मान्छेको मनभित्र शान्तिको विगुल फुक्ने
हतोत्साह हटाइ उत्साहले जीवन साकार पार्ने
अनि,
ऐश्वर्यको हैन, मान्छेलाई मनको शासक बनाउने
यही हो धर्म, धर्तीलाई सिंगार्दै पारिजात फुलाउने
यही हो अमृत, मान्छेलाई केवल मान्छे हैन संघ बनाउने
मनभित्रका विकार हटाइ स्पन्दन, स्पन्दनमा
मैला पानी र बर्बरतालाई केवल सपनामा
गरिएका कृकृत्य मात्र धमिलो छायाँमा
अनि,
सबै पाप पखाली आनन्द छर्ने मनकुञ्जमा
यो कला हो, सुविद्या र सुयोग प्रस्फुटन गर्ने
यो धर्म हो, मान्छेलाई भगवान् झैं पदासीन गर्ने
बेग्लै संसारमा लगी शान्ति जागरण गर्ने
मान्छेलाई मान्छे हैन, संघरत्न बनाउने ।

✎ *हिक्मत दहाल*
विद्यालय : सिद्धार्थ वनस्थली इन्ष्टिच्यूट
बालाजु, काठमाडौं ।

## धर्म गाथा

**हिन्दी**

केश शीश के काट कर, दाढी मूंछ मुडाय ।
लकुटी भिक्षा - पात्र ले, पहने वस्त्र कषाय ॥

चला छोडकर राज्य सुख, भिक्षुक बना नरेश ।
पग पनही - सिर छत्रको, त्याग चला दरवेश ॥

विन मांगे जो भी मिले, उससे कर संतोष ।
रुखी सूखी खाय कर, रहा देहको पोस ॥

पथ कंकर कंकट भरा, चलता नंगे पांव ।
फूट फफोले पाव में, भरे पीप से घाव ॥

कष्ट न बाधक बन सके, रोक न सके थकान ।
लगन एक मन में लगी, मिलें बुद्ध भगवान ॥

मिलें बुद्ध भगवान तो, मिले धरम का ज्ञान ।
निर्मल मिले विपश्यना, मिले मोक्ष निर्वाण ॥

**हिन्दी**

देख पात्र की पात्रता, अल्प आयु लघु प्राण ।
धर्म सिखाने स्वयं ही, पहुँच गए भगवान ॥

उज्वल धातु - विभंगका, दिया धरम उपदेश ।
सुनते सुनते कट गए, निज कर्मो के क्लेश ॥

अनिल अनल जल भूमि का, हुआ ब्योम में मेल ।
जूडी चित्त की चेतना, चला नियतिका खेल ॥

प्रकट हुई छह इन्द्रियां, छह खिडकी यह द्वार ।
अपने - अपने विषयमा, होवे सतत् प्रहार ॥

सुखद - दुखद संवेदना, विषय स्पर्श-संयोग ।
देश अनित्य स्वभाव को, दूर किए भवरोग ॥

अव ना जागे राग ही, अब ना जागे द्वेष ।
कामलोक भव चक्र के, बंधन हुए अशेष ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
विरगञ्ज

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ *पौष २०५७*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४३४ ८५०, ४३४ ७५३; शाखा कार्यालय फोन : २५ ९० ३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................

● आजीवन शुल्क रू. ४००/-
● वार्षिक शुल्क रू. २५/-



Downloaded from http://www.dhamma.digital